FOR NEPALI BY NEPALI नेपालीका लागि नेपाली

# Non-Resident Nepali Association (NRNA)
# गैर आवासीय नेपाली संघ

Ref.: N-27/09

मितीः २७ मइ २००९

सम्माननीय प्रधानमन्त्री श्री माधवकुमार नेपाल ज्यू,
संघीय लोकतान्त्रीक गणतन्त्र नेपाल
प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय
सिंहदरबार, काठमाडौं ।

सम्माननीय प्रधानमन्त्री महोदय,

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको प्रधानमन्त्रीको गरिमामय पदमा निर्वाचित हुनु भएकोमा गैरआवासीय नेपाली संघको तर्फबाट हार्दिक बधाई ज्ञापन गर्दछु । सबै जाति, वर्ग, क्षेत्र र समुदायलाई समेटेर दलगत स्वार्थभन्दा माथि उठी नयाँ लोकतान्त्रिक संविधान निर्माण गर्ने अत्यन्त चूनौतिपूर्ण क्षणमा प्रधानमन्त्रीको गरिमामय पदमा यहाँ जस्तो नेपाली जनताको सेवा र राष्ट्रियताको संवर्द्धनमा जीवन अर्पण गरको व्यक्तिको निर्वाचनले हामीलाई हर्षित तुल्याएकोछ । 'सहकार्य र एकताबाट मात्रै चुनौतीका पहाडहरूलाई छिचोल्दै गन्तव्यमा पुग्न सकिन्छ' भन्ने यहाँको संवोधनले मुलुकमा सहमति र समझदारीको परम्पराले निरन्तरता पाउने गैरआवासीय नेपाली समुदायको अपेक्षालाई प्रतिविम्वित गरेकोछ । यहाँको कुशल नेतृत्वमा देश विदेश सबैतिरका नेपालीको लोकतान्त्रिक, शान्त, समतामूलक र समृद्ध नेपाल बनाउने साझा सपना साकार हुनेछ भन्ने हामीले विश्वास लिएका छौं ।

गैरआवासीय नेपाली संघले विश्वभरी छरिएर रहेका नेपालीहरुलाई एकिकृत गर्दै नेपालको सामाजिक र आर्थिक रुपान्तरणमा आफ्नो भूमिकाको खोजिगर्न उत्प्रेरित गर्ने उद्धेश्य लिएको छ । यस कार्यमा प्रधानमन्त्रीज्यूको मार्गदर्शनको हामीले अपेक्षा गरेका छौं । मुलुकको उन्नति, प्रगति र आत्मसम्मान बढाउने कार्यमा सबै गैरआवासीय नेपालीहरुबाट र विशेष गरी संघको तर्फबाट यहाँलाई पूर्ण सहयोग उपलब्ध हुने विश्वास समेत दिलाउन चाहन्छौं ।

प्रधानमन्त्रीज्यूको कार्यकालमा नेपालले विश्वभरी आफ्नो छवी उच्च पार्न सकोस यही हाम्रो अभिलाषा छ । पुनः एक पटक यहाँलाई हार्दिक बधाई ज्ञापन गर्दै समावेशी एवं समृद्ध लोकतान्त्रिक नेपालको स्थापनामा निर्णायक पाइलाहरुको अपेक्षा गर्दछौं । यहाँको व्यक्तिगत सुस्वास्थ्य एवं सम्पूर्ण नेपाली जनताको सुख, समृद्धि एवं प्रगतिको कामना गर्दछौं ।

भवदीय,

डा. उपेन्द्र महतो
अध्यक्ष

Non-Resident Nepali Association NRN Kathmandu, Nepal

NRNA Secretariat, FNCCI Building, Pachali Shahid Shukra FNCCI Milan Marg, Teku, P O Box 269, Kathmandu, Nepal.
Tel: (+977-1) 4215247 / 4262061 / 4262218, Fax: (+977-1) 4215247, Email: nrn@nrn.org.np, URL: www.nrn.org.np